# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः २) काठमाण्डौ,  असार २५गते,  २०७५ साल  संख्याः१८


## भाग १

## गोकर्णेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालको संविधानबमोजिमगोकर्णेश्वर नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं.१

**गोकर्णेश्वर नगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथास्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्तनाम, विस्तार र प्रारम्भः</u>**(१) यस ऐनको नाम"गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गोकर्णेश्वर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** :विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गोकर्णेश्वर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका"भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्छ ।

(घ) "नगर सभा"भन्नाले संविधानको धारा २२३ बमोजिम गठन भएको गोकर्णेश्वर नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **<u>नियमबनाउने अधिकार</u>**ः (१) संविधान तथा ऐन बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्र का विषय मा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले नियमबनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीयतहको क्षेत्राधिकार

भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ। संघीय र प्रदेश कानून बनिनसकेको हकमा ऐन बमोजिम नगर सभाले बनाएको वा यस ऐन बमोजिम कार्यपालिकाले बनाएको स्थानीय कानून बमोजिम हुनेछ । संघीय र प्रदेश कानून लागू भए पछि त्यस्तो कानूनसँग स्थानीयकानूनबाझिएको हदसम्मअमान्यहुनेछ ।

तर त्यसरी अमान्यभएको कानूनबमोजिमभए गरेकोकाम कारबाही बदर हुने छैन ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः**संविधान, ऐन तथा यस ऐन अन्तरगतबनेको नियमावलीको अधीनमा रहीकार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

नगर सभाबाट स्वीकृत मितिः२०७५।३।१५
प्रमाणीकरण मितिः२०७५।३।२५

आज्ञाले,
दिपक कोईराला
प्रमुख प्रशासकीय अधिकृत